**बेनीघाट रोराङ गाउँपालिका**
# गाउँ कार्यपालिकाको कार्यालय
**विशालटार, धादिङ**
**बागमती प्रदेश नेपाल**

# सूचना

सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम यस बेनीघाट रोराङ गाउँपालिकालाई आ.ब २०८०/०८१ मा आवश्यक पर्ने तपशिलमा उल्लेखित सामाग्री तथा सेवाहरु आवश्यकता अनुसार आपुर्ति गर्न इच्छुक इजात प्राप्त व्यक्ति, फर्म, संस्था वा कम्पनीले ***निवेदन, प्रोप्राइटरको नागरिकताको प्रतिलिपी, फर्म दर्ता तथा नविकरण भएको इजाजत पत्रको प्रतिलिपी, प्यान/भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपी, आ.व. २०७८।०७९ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी र कालो सूचीमा नपरेको प्रतिबद्धता पत्र*** सहित आफुले आपूर्ति गर्न चाहेको सामाग्री तथा सेवाको विवरण उल्लेख गरी यस कार्यालयको मौजुदा सुचिमा सुचिकृत हुन आउनु हुन सम्बन्धित सबैमा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपशिल**

१. स्टेशनरी, मसलन्द, छपाई कार्य तथा कार्यालय सामाग्रीहरु सामान आपूर्ति,
२. कम्प्युटर, प्रिन्टर, फोटोकपी मेशिन, यु.पि.एस. तथा तीनका पार्टपुर्जा लगाएत सूचना प्रविधिसँग सम्बन्धित समान आपूर्ति एवम् मर्मत कार्य,
३. औषधि तथा औषधिजन्य सामाग्री, मेडिकल उपकरण तथा स्वास्थसँग सम्बन्धित सामाग्री आपूर्ति,
४. ड्रइङ डिजाइन, स्पेशिफिकेशन, सर्वेक्षण कार्य लगायतको प्राविधिक तथा अन्य परामर्श सेवा, भवन निर्माण, सडक निर्माण लगायत अन्य निर्माण सम्बन्धी,
५. फर्निचर तथा फिक्सिङ्का सामाग्रीहरु आपूर्ती तथा मर्मत सम्भार सम्बन्धी,
६. सवारी साधन (बस, कार, जिप, मोटरसाइकल आदी) को पार्टपूर्जा आपूर्ती तथा मर्मत संभार सम्बन्धी,
७. प्लम्बिङ्ग तथा विद्युत सामाग्रीहरुको आपूर्ती तथा मर्मत सम्बन्धी सेवाहरु,
८. आवश्यकता बमोजिम विभिन्न विषयहरुको विज्ञसेवा उपलब्ध गराउने कन्सल्टन्सी सेवाहरु,
९. अन्य आपूर्ति तथा सेवाहरु ।

*नोटः यस कार्यालयको मौजुदा सूचीमा सूचिकृत नभएका व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुबाट कार्यालयले सेवा लिन बाध्य हुने छैन ।*

- *सूचनामा उल्लेख नभएका अन्यकुराको हकमा सार्वजनिक खरिद ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम हुनेछ ।*
- *सूची दर्ताको लागि सूचनामा उल्लेख भए बमोजिमको सम्पूर्ण प्रक्रिया पुरा गरी यस कार्यालयको प्रशासन शाखामा दर्ता गरी भण्डार शाखामा कागजात बुझाउनु पर्नेछ ।*
- *सूचनाको अवधि आ.व. २०८१।०३।३१ सम्मको लागि मान्य रहने छ ।*
- *सूची दर्ताको निवेदन यस कार्यालयको वेवसाइट* **www.benighatrorangmun.gov.np** *बाट डाउनलोड गर्न सकिनेछ ।*

प्रमुख प्रशासकीय अधिकृत

*"सम्बृद्ध बेनीघाट रोराङको आधारः कृषि, स्वास्थ्य, शिक्षा, उद्योग र पूर्वाधार"*